नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम गाउँ कार्यापालिकाको तर्फबाट आर्थिक बर्ष २०८२/ ८३ को निति तथा कार्यक्रम यस गाउंपालिकाको यस सम्मानित सभामा पेश गर्न पाउँदा गर्व महसुस गरेको छु। वार्षिक निति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने राजनितिक दल, संस्थापक जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघसंस्था, उद्योगि व्यवसायि ,नागरिक समाज ,बौद्धिक वर्ग लगायतका सरोकारवाला निकायहरु तथा सम्पुर्ण गाउँपालिकावासी आमाबुवा, दाजुभाइ तथा दिदि बहिनिहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

यस गौरवपुर्ण अवसरमा राष्ट्रहित लोकतन्त्र र अग्रगामि परिवर्तनको लागि नेपाली जनताले गरेको एतिहासिक जनयुद्ध पटक पटक जनआन्दोलन मधेशआन्दोलन लगाएत विभिन्न आन्दोलनको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाइ स्मरण एवम् तथा वेपत्ता घाइते र पीडित नागरिकहरुलाई उच्च सम्मान भाव व्यक्त गर्दै सम्पूर्ण ज्ञात तथा अज्ञात शहिदहरुप्रति भावपूर्ण श्राद्धान्जली अर्पण गर्दछु।

जनताको प्रतिष्प्रर्धात्मक बहुदलिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्वम शासन व्यवस्था सहितको अग्रगामि परिवर्तन ल्याउन भौतिक, अभौतिक रुपमा योगदान गर्नुहुने सम्पुर्ण आम नागरिक, राजनिकतिक दल, नागरिक समाज .सञ्चार जगत ,लेखक ,विद्यार्थी ,शिक्षक, कर्मचारी, कुटनितिक नियोग, गैर सरकारी संघ संस्थाहरु र अन्तराष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै नमन का साथै कृतज्ञता व्यक्त गर्न चाहान्छु । संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्सचना पश्चात संविधानत गठित स्थानिय सरकारले दोस्रो कार्यकालको तेस्रो बर्ष व्यतित गरिसकेको छ। नेपालको संविधानतको अनुसुचि ८ मा उल्लेखित स्थानिय तहको एकल अधिकार सुचि र अनुसुचि ९ मा उल्लेखित संघ, प्रदेश र स्थानिय तहको अधिकारको साझा सुचि भित्र रहेर स्थानिय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरुप नेपाली जनताको दिगो शान्ति ,सुशासन, विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न परिवर्तन गाउँपालिकाले आफ्नो राजनितिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेको छ ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाइ संवोधन गर्दै वृहत्तर हित र कल्याणकारी व्यवस्था मार्फत शासकिय सन्तुष्टि प्रदान गर्नु ,जनताका साना देखि ठुला समस्याहरुको हल खोज्नु, स्थानिय तहमा नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्याउनु, स्थानिय रुपमा उपलब्ध स्रोत साधानको अधिक भन्दा अधिक परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरीकको जिबिकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानिय सरकारले काम गर्नुपर्ने शासकिय जिम्मेवारी

रहेको छ । उक्त शासकिय जिम्मेवारीलाई मिहिन ढङ्गले निर्वाचित जनप्रतिनिधिको टिमले संविधानको धारा २३२ अनुसार सहकार्य समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै तीन तहको सरकार बीचमा उपलब्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रबिन्दुमा राखेर काम गरिरहेको व्यवहोरा यस सम्मानित सभा मार्फत आम नागरिकलाई अवगत गराउन चाहान्छु।प्रशासनिक संयन्त्रको कमि ,वित्तिय श्रोतको न्युन उपलब्धता, उच्च जनआकाङक्षा कारणले जनअपेक्षाकृत हिसाबले उपलब्धि हासिल गर्न नसकेको शासवत सत्य नै हो । तथापी वर्तमान सन्दर्भमा स्थानिय तहको संस्थागत सबलिकरण र सुदृढिकरणमा सकारात्मक देखिएको, स्रोत परिचालन सहि गन्तव्य उन्मुख भएको, आवश्यक कानुनहरु निर्माण हुदै गएको , अनुभवि र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेतृत्व र असल सोच सहितको प्रतिबद्ध र उर्जाशिल जनप्रतिनिधिको समूह, जनचेतनामा आएको अभिवृद्धिका साथै सुचना प्रविधिको विकास र यसको प्रयोग ले गर्दा अबका दिनहरुमा जनताको ईच्छा र चाहानाहरुलाई पुरा गर्न परिवर्तन गाँउपालिका सक्षम रहेको प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु ।

स्थानिय तहलाई संविधानत राजनितिक आर्थिक र प्रशासनिक अधिकार निक्षेपन गरिएको अवस्थामा राजनितिक अधिकारको निर्वाध प्रयोग र अभ्यास गरिरहेको भएतापनि कतिपय अवस्थामा वित्तिय तथा प्रशासनिक संघियता सफल ढङ्गले हासिल गरीएको अवस्था छैन । स्थानिय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु, राजश्वको अधिकार र खर्चको दायित्व बिचमा रहेको अन्तर पुरा गर्न प्राप्त हुने वित्तिय समानिकरण अनुदान राजस्व बाँडफाँड पुर्वअनुमान योग्य हिसावले सुनिशच्तिता नहुनु, पुर्ण क्षमतामा कर्मचारीहरुको उपलब्धता नहुनु आदि जस्ता कारणबाट सबै स्थानिय तहलाई केहि चुनौतिपूर्ण अवस्थाको सामना गर्नु परेको व्यहोरा जगजाहेरै छ ।

सभा सदस्यज्युहरु

नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४ ,विभिन्न विषयगत ऐन नियमहरु ,नेपालको पन्ध्रौ योजना, दिगोविकासका लक्ष्यहरु, मानव अधिकारको विश्वव्यापि घोषणा पत्र, लुम्बिनि प्रदेशको आवधिक योजना ,संघिय सरकार तथा प्रदेश सरकारबाट विभिन्न समयमा जारी गरिएका निति ,मार्गदर्शन तथा सुझाव, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, परिवर्तन गाँउपालिकको दोस्रो पञ्चवर्षिय आवधिक योजना र यस गाउँ पालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, आचारसंहिताको परिधिभित्र रहि राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेत सिमा निर्धारण समितीको बैठकको निर्णय, गाउँकार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय, आम नागरिक बुद्धिजिबि र सरोकारवालाहरुबाट प्राप्त सुझाव, जनताका आवश्यकता, हाम्रो राजनितिक प्रतिबद्धता समेतलाई

ध्यान दिई योजनाबद्ध विकासको अवधारणा अनुसार आगामि आ.व.का साथै दीर्घकालिन लक्ष्य सहितको परिवर्तन गाँउपालिकाको सोच तथा निति पत्रको रुपमा यो निति तथा कार्यक्रम निर्माण गरीएको छ ।

अब म चालु आ व २०८१/८२ को क्षेत्रगत वार्षिक निति कार्यक्रम तथा बजेट कार्यान्वयन अवस्थाको संक्षिप्तमा समिक्षा गर्न चाहान्छु ।

१ पुर्वाधार विकास

चालु आ.व. मा पुर्वाधार क्षेत्रमा २०८२ जेष्ठ मसान्त सम्ममा सन्तोषजनक ढङ्गले काम भएको छ। यस अवधिमा स्थानिय को साझेदारीमा विद्यालय भवन निर्माण कार्यक्रम अन्तर्गत त्रिवेणी मा वि को पुर्णता तथा पुत्लाचौरमा अवस्थित आधारभुत स्कूलको भवन निर्माण ले पनि असार १५ सम्ममा पुर्णता पाउने अवगत गराउन चाहान्छौ। त्यसैगरी प्रदेश सरकार बाट हस्तान्तरित जनता मा वि बागमारा भवन निर्माण तथा रंग रोगन को काम पनि सम्पन्न भएको अवगत गराउन चाहान्छु । गाउँपालिका केन्द्र पुतलाचौर ढल निकास निर्माणले यसैवर्ष पुर्णता पाउने छ भने वार्ड नं ४ को वडा कार्यालय भवन पनि निर्माणधिन अवस्थामा छ । यस गाउँपालिकाको महत्वकाक्षी रुपमा रहेको १५ सैया अस्पताल पनि आगामी आ व मा पुर्ण रुपमा सम्पन्न भइसक्ने छ। डाँडा गाउ मालामारे पुतलाचौर मौलाबोट जुमाराङसी पुर्वि सडक निर्माण , कोल्डरुम निर्माण पनि स्थानिय सकरकार र संघिय सरकार त्यसैगरी लिस्प संग सहलगानी मा तीव्रगतिमा काम कारबाही चलिरहेको यहाँ गाउसभा सदस्यज्यूहरुलाइ जानकारी गराउन चाहान्छु। परिवर्तन स्मृती पार्कको सौन्दर्यकरण , युद्ध पर्यटन डाडाँगाउ पुर्वाधार निर्माण जस्ता भौतिक पुर्वाधार निर्माण पनि अघि बढिरहेको छ ।

२ आर्थिक विकास

यस आ. व. मा आर्थिक विकास तर्फ विभिन्न रोगव्याधिसंग लड्न पशुपन्छिको लागि औषधी व्यवस्थापन गरिएको छ। त्यसैगरी अगुवा कृषक/ कृषि प्राविधिक अध्ययन अवलोकन भ्रमण ,कृषि तथ्याङक संकलन गर्दै बालि उपचार शिविर कार्यक्रम संचालन कृषि औजार उपकरणहरुको मर्मत सम्भार तालिम पनि सम्पन्न भइसकेको अवगत गराउदछु । यस पालिका भित्र रहेको पशुपन्छिको तथ्यांक संकलन गरि पशु स्वास्थ्य शिविर पनि संचालन गरीएको छ भने रेविज रोग नियन्त्रण गर्न लाइ पनि जिल्ला स्थित पशु विज्ञ केन्द्र संग समन्वय गरि कुकुर बन्ध्याकरण शिविर पनि सञ्चालन गरियो। विभन्न वडा हरुमा रैथाने बाली प्रवर्द्धन गर्ने गरि संघिय सरकार बाट विनियोजित कार्यक्रम लाई पनि सम्पन्न गरिएको छ

। व्यावसायिक कृषक समूहको लागि क्षमता अभिवृद्धिकालागि तालिम पनि आयोजना गरिएको छ भने खेतिबालि मा रोगब्याधिलाई रोक्न लागि वाली उपचार शिविर कार्यक्रम पनि सञ्चालन गरिएको छ। लघु उद्यम लाइ प्रवर्द्धन गर्नको लागि अल्लो को धागो तथा ढाका को कपडा बुनाइ मा पनि तालिम प्रदान गरीयो ।

३ सामाजिक विकास

अ स्वास्थ्य

यो आ. व. मा स्वास्थ्य क्षेत्रतर्फ गर्भवति उत्प्रेणा कार्यक्रम, शुन्यहोम डेलिभरीको लागि लक्षित कार्यक्रम , पोषण विशेष क्षेत्रका लागि कार्यक्रम सञ्चालन तथा पोषण विशेष कार्यक्रम परीचालन गरीएको छ ।अझै समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम घरदैलो खोजपडताल कार्यक्रम, पालिका भरी नियमित खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपना कार्यक्रम, किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम पनि गरिएको छ भने नियमित रुपमा गर्भवति चेकजाँच कार्यक्रम पनि अघि बढिरहेको अवगत गराउन चाहान्छु । गरीब असाहय गर्भवति तथा सुत्केरी लाई सुरक्षित मातृत्व सेवा प्रदान गर्नलाई यस गाउँपालिकाले गर्भवति तथा सुत्केरी आकष्मिक प्रेषण कोष पनि स्थापना गरेको छ ।त्यसैगरी किशोरी र युवतीहरुको लागि सुरक्षित र सहयोगि वातावरण परियोजना सेफ गर्लस र आइपास नेपाल द्धारा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धि कार्यक्रम गरेर पनि सहकार्य गरिएको छ । खोप तथा गाउँघर क्लिनिक सुधार कार्यक्रम ,स्वास्थय चौकी व्यवस्थापन समितिहरुको अभिमुखिकरण, समिक्षा को आधारमा उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मि घोषणा कार्यक्रम पनि सम्पन्न गरियो ।

आ शिक्षा

यस आ.व.मा गाउँपालिका ले शिक्षा क्षेत्रमा उल्लेखनिय काम हरु गरेको छ ।गाउँ शिक्षा समिति र प्र अ बैठक सञ्चालन गरि गाउपालिका भित्र को शिक्षा लाइ मिहिन ढङ्ग बाट छलफल गरिएको छ । विद्यालयको शिक्षा पद्धतिलाई गुणस्तरिय बनाउन शिक्षक अभिभावक शिक्षा कार्यक्रमलाई स्कूल-स्कुलमा परिचालन गरिएको छ । त्यसैगरी यस गाउँपालिकाबाट दक्ष जनशक्ति उत्पादन गर्न एम.वि. वि. एस., कृषि विज्ञानमा स्नातक अध्ययन, अंग्रेजी, गणित, विज्ञान विषयमा स्नातक तथा स्नातोकोत्तर अध्ययन सम्बन्धमा छात्रवृत्ति कार्यक्रम लाइ निरन्तरता प्रदान गरिएको छ ।स्थानिय पाठ्यक्रम निर्माण गरि स्थानिय पाठ्यपुस्तक माध्यमबाट शिक्षालाई अघि बढाइएको छ। त्यसैगरी गणित तथा

विज्ञान शिक्षक हरुको क्षमता अभिवृद्धि गर्न क्षमता अभिवृद्धि तालिम पनि सम्पन्न गरिएको छ । पालिका स्तरमा कक्षा ५ र ८ को परिक्षा प्रणालि लाइ व्यवस्थीत ढङ्गले सम्पन्न गरिएको छ भने गत सालको भन्दा नतिजामा पनि केही सुधार देखिएको छ ।गाउपालिकास्तरीय कक्षा ५ र ८ को परिक्षामा उत्कृष्ट विद्यार्थीलाई सम्मान साथै अन्तरपालिका क्रिकेट खेल पनि सफलतापुर्वक आयोजना सम्पन्न गरियो । त्यसैगरी क्वाकिडो संघको अधिवेशन र पालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड पनि सफलपुर्वक सम्पन्न भयो।

४ सुशासन तथा संस्थागत विकास

यस आ.व. मा गाँउपालिकाले सुशासन कायम गर्न उल्लेखनिय कार्य हरु भएको छ जसका लागि जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता विकास सम्बन्धि तालिम सम्पन्न गरेको छ भने जनता को गुनासो सुन्नको लागि टोल फ्री नं र नागरीक सन्तुष्टी फारम भर्ने व्यवस्था गरीएको छ । त्यसैगरी वडाहररुमा नागरिक बडापत्र , सुक्षाव पेटिका पनि राखिएको छ भने लैससास परीक्षण ,सामजिक परीक्षण पनि गर्ने गरीएको छ । हरेक वर्ष जस्तै यस वर्षमा पनि अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्दै आएको अवगत गराउन चाहान्छु। विभिन्न वडाहरुमा वडाको सचित्र आउने गरि डिजितल वोर्ड पनि बनाएर प्रयोगमा ल्याइएको छ । ।विभिन्न लक्षित समुदायको क्षमता विकास तथा तालिम एवम सम्मान कार्यक्रम सम्पन्न गरियो ।राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग को मुल्याङकनमा परिवर्तन गाउपालिका रोल्पा जिल्लामा ६८.४५ अङक प्राप्त गरि प्रथम स्थान, बेरुजु मा रोल्पा जिल्ला मा कम बेरुजु कायम गरि द्धितिय स्थान र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को अन्तिम मुल्याङकन बाट प्राप्त नतिजा को आधारमा लिजा मा ८३ प्रतिशत प्राप्त गरि तेस्रो स्थान हासिल गर्न सफल भएको छौ ।यि सबै सुचक, तथ्याङ्क एवम नतिजा ले परिवर्तन गाउँपालिका सुशासन को क्षेत्रमा अब्बल रहि सुशासन को यात्रामा अहोरात्र लागिपरेको छ भन्ने देखाउछ।

५ वातावरण तथा विपद व्यवस्थापन

चालु आव ८१/८२ मा गा. पा. भित्र विपद व्यवस्थापन राहत तथा उद्धार कोषबाट प्राकृतिक विपतमा परि क्षति भएको हकमा गाउँकार्यपालिका को निर्णय बमोजिम सहायता रकम उपलब्ध गराईएको छ । त्यसैगरि बर्षायाम मा पहिरो ले क्षति पुर्याएको स्थल हरुमा गाउँपालिकाको जे सि वि मार्फत बाटो मर्मतसम्भार गरीएको यहाँ हरुलाइ अवगत गराउन चाहान्छु। । त्यसैगरी विपद तथा व्यवस्थापन शाखा बाट विपद व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन संगै विपत प्रतिकार्य योजना मार्फत पुर्व तयारी पनि गरिएको छ ।

**सभा सदस्य ज्यूहरु,**
अब म यस गरिमामय गाउँ सभा समक्ष गा.पा.को आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

गाउँपालिकाले अंगिकार गरेको "परिवर्तन हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प" भन्ने नीतिलाई पूरा गर्न देहाएका क्षेत्रगत नीति तथा कार्यक्रम अख्तियार गरिएको छ ।

**(१) आर्थिक विकास तर्फ :**

**(१) कृषि सेवा :**

परिवर्तन गाउँपालिका आफैमा कृषि मा अग्रसरता पालिका भएको हिसावले, यस क्षेत्रको व्यवसायीकरण, यान्त्रीकरण, आधुनीकीकरण गर्दै स्थानीय अर्थतन्त्रलाई दरिलो रुपमाआत्मनिर्भर बनाउने तथा गा.पा.को नागरीकको जीवनस्तरमा उचित परिवर्तन ल्याउने हेतुले देहाय बमोजिम नीतिलाई अघि बढाइएको छ :

- कृषिमा पर्यावरणिय अनुकुलता, जिवनस्तर मा हासिल गरौ सफलता भन्ने नारा लाइ आत्मसाथ गरि पर्यावरण तथा बातावरणिय अनुकुलन खेतिपाती मा जोड दिइनेछ।

- कृषि कार्यक्रमहरु एक द्धार प्रणालीबाट सन्चालन गर्नको लागी कृषि शाखाबाट सन्चालन गर्नुपर्ने र सम्बन्धित समितिबाट अनिवार्य अनुगमन गर्नुपर्ने मान्यता विकास गरिनेछ।
- कृषि  कार्यक्रम तथा बजेट निर्माण गर्दा कृषि गुरुयोजनालाई टेकेर निर्माण गरिनेछ।
- कृषि प्राविधिकहरुलाई समय अनुकुल नविनतम प्रविधिको बारेमा तालिम उपलब्ध गराइ क्षमता अभिवृद्धि गरिने छ
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृधी गर्न वडा वडामा कृषि ज्ञान सञ्चार कार्यक्रम लागु गरिनेछ।
- कृषिमा जोखिम न्यूनीकरण गर्नको लागि निश्चत पूँजि सम्मको व्यावसायीक कृषि गर्नेको हकमा कृषि विमा कार्यक्रम लागू गरिने छ।

- कृषि क्षेत्रमा पकेटको आधार तय भैसकेको हुँदा अगामी दिनमा दिर्घकालिन रैथाने बालीहरुको समित्क्षात्मक हिसाबले बिस्तार गर्दै लगिनेछ।
- उन्नत जातका धेरै आम्दानी मूलक फलफुलका बिरुवाहरुको  ब्यवसायीकरण गरी दिर्घकालीन रुपमा मनग्य आम्दानी लिन सकिने कार्यक्रमको प्रवर्द्धन गरिनेछ।
- किसान सुचिकरण कार्यक्रमलाई व्यवस्थीत गरी किसान परिचय पत्र प्रदान गरिनेछ।
- गत वर्षहरुको जस्तै पहाडी क्षेत्रमा उत्पादन हुने बहआयामिकयुक्त भाँगो लाई सही ढंगले प्रयोग हुने गरी उत्पादनलाई वढावा दिइनेछ
- कृषिजन्य उत्पादन लाई दिगो सम्म उपयोग गर्ने हेतुले कोल्डस्टोर निर्माणमा गाउँपालिकाले लगानी वृद्धि गरी यसै आ व मा कोल्डस्तोर सञ्चलान मा लिइने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत गत आ व मा स्थापना भएका पकेट विकास कार्यक्रम लाइ निरन्तरता दिइनेछ।
- कृषिउत्पादनलाई बढावा दिनलाई माटोको गुणस्तरियता परिक्षण पनि गरिने छ त्यसको लागि माटो शिविर , बालि उपचार पद्धति लाई पनि अङ्गिकार गरिने छ ।
- जलवायु मैत्री कृषि उत्पादनलाई महत्वका साथ प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ।
- स्थानिय तहमा उत्पादन हुने फलफूल बाट मदिरा बनाइ ब्रान्डीङ्ग गरि स्थानिय आयआर्जनमा बढावा दिइनेछ ।
- कृषकहरुको उत्पादन लाइ वस्तीस्तरमा खपट गर्न र बाहिरको व्यापारीलाइ पनि कृषि उत्पादन मा पहुच बनाइदिन को लागि मासिक रुपमा कृषि हाटबजार लगाउने गरी अवधारणा अघि सारिने छ।
- उत्पादनमा आधारित कृषकलाइ सम्मान सहित को कृषक प्रोत्साहन कार्यक्रम मा व्यवस्था पनि गरिने छ।

(२) **पशु सेवा :**

परिवर्तन गाउँपालिकामा पशुपालनबाट पनि किसानको आयस्तरमा वृद्धी गर्न सकिन्छ जसका लागि देहाय बमोजिमको निति अङ्गिकार गर्नेछ।

- गाउँपालिकाको मापदण्ड बमोजिम निश्चत व्यवसायिक पशुपालन गरेका किशान लक्षित पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाई जोखिम कम गरिने छ ।
- पशु चौपायमा देखिने महामारीजन्य रोग नियन्त्रणका लागी उच्च सतर्कता सहित पूर्व तयारी गरिनेछ ।
- नियमित पशुशिविर सञ्चालन गरी गाँउघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ ।
- बेलाबखतमा पशुपञ्छीमा विभिन्न किसिमको महामारी रोग फैलिई पशुधनको क्षती हुनेहँदा पशुपञ्छी विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिनेछ ।
- पशुजन्य बस्तुलाई विभिन्न बजारमा निकासी गर्न सहुलियत पूर्ण निकासी कर लगाइने छ ।
- पशुपन्छीलाई लाग्ने विभिन्न रोगका विरुद्ध प्रयोग हुने औषधिजन्य सामाग्री को समयअगावै व्यवस्थापन गरिने छ ।
- पशु सेवातर्फका प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न समयानुकुल तालिम को व्यवस्था गरिनेछ।
- स्वच्छ तथा सफा मासुजन्य खाद्य सामाग्री हरुको सन्दर्भमा आत्मनिर्भर उन्मुख बन्न प्रयत्न गरिनेछ ।
- पशुपन्छिहरुमा कृत्रिम गर्भाधान गराउने पद्धति मार्फत नश्ल सुधार गरि उन्नत जातको पशुपन्छी उत्पादनमा जोड दिने निति अवलम्बन गरिने छ।

(३) **सहकारी :**

- राज्यको तीन खम्बे नीति अनुरुप छरिएर रहेको सानो पुँजीलाई एकीकृत गरी उद्यमशीलता, स्वरोजगारलाई बढावा दिन सहकारी को माध्यम बाट व्यवसायको प्रवर्द्धन गरिने छ।
- वित्तिय साक्षरता र ज्ञान वृद्धीका लागि सहकारी पदाधिकारीहरुलाई आधारभूत तथा लेखा सम्बन्धी तालिम कार्यक्रम आगामी वर्ष प्रदान गरिनेछ ।
- बहुउद्देश्य प्रकृतिको सहकारी पालिकामा रहने गरि सो को नेतृत्वमा प्रत्यक वडामा सहकारी बनाउने अवधारणा अघि सारीने छ।
- विभिन्न वडा तह मा रहने समुह तथा सहकारी को बेला बखत अनुगमन तथा नियमन लाइ व्यवस्थित गरीने छ।
-

- सहकारी तथा संघसंस्था सम्बद्ध शाखालाई आगामि दिनमा कोपोमिस प्रणालीमा आबद्धता गरी व्यवस्थित गरिने छ।

(४) **<u>सिचाई तथा जलाधार संरक्षण :</u>**

- कृषि क्षेत्रको सिचाईको लागि पोखरीहरु निर्माण गरी सिचाइकरण लाइ सुरक्षित भरपर्दो एवम दिगो बनाइनेछ ।
- साना सिचाई, मूल संरक्षण र विकास, कुलो निर्माण तथा वर्षातको पानी संकलन गरी सिचाई सुविधा प्रवर्द्धन गरिनेछ ।
- ठूला सिचाई आयोजना कार्यान्वयनको लागि प्रदेश र संघीय सरकार समक्ष समन्वय गरी अघि वढाईनेछ ।
- जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरबाटै व्यवस्थापन गर्न जल उपभोक्ता समिती गठन गरि विधान बनाइ दर्ता कार्यलाई तिव्रता दिईनेछ ।

(५) **<u>पर्यटन :</u>**

- परिवर्तन गा.पा. भित्र रहेको पर्यटकीय दृष्टिकोण ले सम्भावित स्थलहरु लाई पहिचान गरी स्वदेश तथा विदेश का विभिन्न स्थल सम्म प्रचारप्रसार गर्न भिडियो डुकुमेन्ट्रि निर्माण गरिनेछ ।
- परम्परागत मेला तथा व्यवस्थित महोत्सव एवम प्रर्दशनी मार्फत आर्थिक चलायमान गराउँदै जनताको समृद्धि बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विगतमा जनयुद्ध बेला परिवर्तन गा.पा. २ मा रहेका प्रचण्ड निवासलाई युद्ध पर्यटन र थुनिकोट मन्दिरलाई धार्मिक पर्यटनको रुपमा प्रर्वधन गरिनेछ ।
- विगतमा जनयुद्ध ताका जीवन उत्सर्ग गर्ने वीर सहिदहरुको सम्झना स्वरुप शहिद स्मृती पार्क लाइ पुर्णता दिइनेछ।
- चुनवाङ थवाङ, जलजला , महत, तकसेरा जाने पर्यटकको लागि परिवर्तन गा.पा. लाई खानपान एवम बास स्थानको लागि ट्रान्जिट पोइन्ट को रुपमा विकास गरिनेछ ।
- अन्तर गाँउपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानिय तहहरुसँग समन्वय गरि पर्यटन स्थलको सम्भावित ठाउहरुमा लगानि अभिवृद्धि गरिने छ ।
- सुकिदह लाइ युद्ध तथा धार्मिक पर्यटन को रुपमा प्रवद्धन गरिने छ तथा गुरीचौर छडकेधुरी देखि फुलबारी हुदै थवाङ जोडने गुरिल्ला मार्गलाई सतरउन्नति गर्ने ।
- गाउँपालिका को प्रवेशद्धार हरुमा गाउपालिकाको पहिचान बोक्ने स्वागत सुचनापाटी निर्माण गरिने छ ।
- गोरीचौर-थवाङ सम्म गुरिल्ला माउन्टेन बाइक ट्रेकिङ्ग स्तोरन्नति गरी धार्मिक तथा युद्धपर्यटन लाइ प्रर्वद्धन गरिने छ।
- शिव पार्वती मन्दिर , कुइवाङ बालउद्यान पार्क लाइ थप व्यवस्थापन गरी सुदृढिकरण गरिने छ ।

## (६) रोजगारी :

- वैदेशिक रोजगारीमा जान चाहने का लागि सुरक्षित बैदेशिक रोजगारि सम्बन्धी समुदायस्तर गहन अभिमुखिकरण कार्यक्रम पनि सञ्चालन गरिने छ ।
- रोजगार सेवा केन्द्रमा गा.पा. भित्रका विपन्न परिवारका वेरोजगार व्यक्तिहरु सुचिकरण गरी न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूती गर्ने कार्यको लागि गा.पा. भित्र योजनाहरुमा रोजगारी सिर्जनालाई प्राथमिकता दिईनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अनुसार लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने गरी कार्यक्रम गरिनेछ।
- विभिन्न लघु उद्यमी को अवस्था पहिचान गरि आवश्यकता का आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम गरिनेछ ।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाइ उद्यमशीलता प्रवर्द्धन कार्यक्रम मा जोडिने छ ।
- वैदेशिक रोजगारीमा जान चाँहाने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धमा सहजिकरण गरिनेछ ।
  - स्थानीय तहबाट संचालित हुने आयोजनाहरुमा हेवि इक्क्पमेन्ट प्रयोग नहुने ठाउँमा सुचिकृत वेरोजगार व्यक्तिहरुलाई काममा लगाइनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाइने छ साथै मृतकको परिवारले पाउने क्षतिपूर्ति सहज र सजिलो बनाई विचौलियाको माध्यमबाट क्षेतिपूर्ति पाउने व्यवस्था अन्त्य गरिनेछ ।
- सुरक्षित आप्रवासन कार्यक्रम (सामि) कार्यावन्यन गर्न गाँउपालिकाले सघिय सरकार संग साझेदारी गरी कर्मचारी खटनपटन गराइ थप भरपर्दो र प्रभावकारी बनाएर लगिनेछ ।
- स्थानीय स्रोत साधनको उपयोग गरी स्वरोजगार बनेका लघुउद्यमीलाई प्रोत्साहन गरिने छ ।
- विभिन्न वडा भित्र जाने बाटोहरुको रेखदेख एवम सरसफाइ गर्न ज्यालादारी मा हेरालु राख्ने गरी अवधारणा विकास गरिने छ ।
- वस्ती स्तर मा आखाँमा रहेको समस्या समाधान गर्न गाउँघर सामुदायिक आखाँकेन्द्र स्थापना गरिने छ ।

# (२) सामाजिक क्षेत्र :

### (१) स्वास्थ्य :

जनताको आधारभूत स्वास्थ्य सेवा सुविधामा पहुच पुऱ्याउन देहायको नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ :

- २०८२।०८३ को आ व मा यस गाउँपालिका मा नियमित खोप सुढृढिकरण नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन गरिनेछ।
- परिवर्तन गाउँपालिका भित्रका समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम पनि सम्पन्न गरीने छ ।
- सबै स्वास्थ्य संस्थाहरुमा मधुमेह रक्तचापको निःशुल्क जाँचको व्यवस्था गरिनेछ ।
- सवै सामुदायिक सेवा केन्द्र हरुलाई मापदण्द पुरा गरेर क्रमिक ढङ्गले प्रसुति सेवा केन्द्रको रुपमा रुपान्तरित गरिने छ ।
- विपन्न आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा वालवालिकाहरुलाई पोषणयुक्त खानाको पहुँच बढाइनेछ ।
- १५ शैयाको अस्पताल निकट भविष्यमा निर्माण पुरा भएर अस्पातललाई गाउँपालिका ले ग्रहण गरी सेवा सुचारु गरिनेछ।
- संस्थागत सुत्केरीलाई प्रर्वद्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न सुत्केरीलाई केही रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- किशोरी अवस्थामा हुने गर्भाधारण र असुरक्षित यौन सम्बन्ध जस्ता क्रियाकलाप लाई न्यूनिकरण गर्न समुदाय र विद्यालय स्तरमा यौन शिक्षा र प्रजनन् स्वास्थ्य शिक्षालाई विस्तार गरिनेछ ।
- " म स्वास्थ्य , मेरो समुदाय स्वास्थय " भन्ने नारा लाइ आत्मसाथ गर्दै घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम हरु पनि परिचालन गरिनेछ।
- पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि निरन्तरता दिइनेछ ।
- नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य संस्था मार्फत निःशुल्क प्राप्त हुने सबै प्रकारका औषधीको प्राप्तीको सुनिश्चितताको लागि कदम चालिनेछ ।
- वहुक्षेत्रीय पोषण कार्यक्रम संग सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरिनेछ ।
- मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धि जनचेतनामुलक कार्यक्रम हरु विस्तार गरिनेछ।
- गर्भवती अवस्थामा गर्भवती महिलालाई मानसिक रुपमा सबल, शारीरीक रुपमा बलियो र समाजिक, साँस्कृतिक रुपमा इज्जतिलो बनाउन गर्भवती उत्प्रेरणा कार्यक्रम चलाइने छ ।
- द्वन्द्धको कारणले मृत्यू भएको व्यक्तिको परिवार लाई गरिएको स्वास्थ्य विमा कार्यक्रलाई निरन्तरता गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको पुर्वाधार निर्माणमा जोड दिइनेछ तथा सेवा प्रवाहले पछि परेको ठाउँहरुमा सामुदायिक स्वास्थय इकाइ केन्द्र स्थापना गरि सेवा प्रवाह गरिनेछ ।
- नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान चलाइ प्राकृतिक चिकित्सा पद्धति लाइ प्रवर्द्धन गरिने छ ।
- समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग तथा जनचेतना मुलक कार्यक्रम हरु सञ्चालनमा लिइनेछ।
-

## <u>२ शिक्षा तथा खेलकुद :</u>

**गाउपालिकाको शिक्षा लाइ उन्नति तथा प्रगति गराउन तपसिलको नितिहरु अवलम्बन गर्नुपर्नेछ।**

- शैक्षिक पूर्वाधारको विकास दक्ष जनशक्ति एव शिक्षण सामग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरिय र जीवन उपयोगी शिक्षा प्रदान गरिनेछ
- विद्यालय बाहिर रहेको अति विपन्न र सिमान्तकृत वर्गको बालबच्चा पहिचान गरी विद्यालयमा प्रवेश गराउन सबै किसिमको प्रयास गरीनेछ
- परीवर्तन गाउँपालिका सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि खानेपानि, शौचालय, खेलमैदान, घेरबार, दिवाखाना ,प्रयोगशाला ,कम्पुटर ल्याब , छात्रवृत्ति जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाई आधुनिक र प्रविधिमैत्रि बनाउन हरेक माध्यमिक तह को विद्यालयमा स्मार्ट डिजितल वोर्ड माध्यम बाट अध्यापन गर्ने व्यवस्था गरिने छ ।
- स्थानिय स्तरमा भएको कला ,संस्कृति भेषभुषा , भाषा लाइ जीवन्त राख्न दिग्गज व्यक्तित्वको सहयोगमा तयार भएको स्थानिय पाठ्यक्रम आधारमा आगामि शैक्षिक सत्र देखि लागु गरिनेछ ।
- सामुदायिक विद्यालयका सबै शौचालयलाई आधुनिक अपाङ्ग तथा वालमैत्रि वनाउने अभियान सुरु गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि लगायतको बहुआयामिक उन्नतिको लागि अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र परिणामुखि गराइनेछ ।
- गाउँपालिकामा रहेको सबै सामुदायिक विद्यालयहरुमा शिक्षक छनौटको आर्थिक व्ययभारको लागि रकम छुट्टाई शिक्षक छनौटमा सहजिकरण गरिनेछ ।
- सामुदायिक विद्यालयका सबै प्र.अ. हरुको प्रशासनिक र वि. व्य. स. अध्यक्षहरुको व्यवस्थाकिय क्षमता अभिवृद्ध गर्न विशेष तालिमको व्यवस्था गरिनेछ ।

- शैक्षिक पहुचमा सुनिश्चतता कायम गर्न अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम सन्चालन गरिनेछ ।

- नेपालको सँविधानमा व्यवस्था भएको शिक्षा सम्बन्धि मौलिक हकलाई कार्यान्वयन गर्न गाउँपालिकामा मा वि (९-१०) तह सम्मको शिक्षालाई निशुल्क गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- गाँउपालिका स्थित शहिद समृति रङगशाला खेलकुद मैदान धामाचौरलाई आधुनिक तथा प्याराफिटयुक्त बनाइने सोच रहेको छ ।
- युवाहरुलाई रोजगारमा आकर्षित गर्न विभिन्न खालको तालिम तथा व्यवसायिक अनुदानको व्यवस्था गरीनेछ ।साथै युवापंक्ति लाई कुलत तथा खराब संगत बाट टाढा राख्न लाई विभिन्न खालको खेलमा आबद्धता लाई यो आ व मा व्यवस्था गरिने छ ।
- दक्ष जनशक्ती उत्पादन गर्ने गरी विज्ञान, गणित तथा अंग्रेजी विषयमा स्नातक र स्नातकोत्तर साथै कृषि र पशु तर्फ स्नातक र स्वास्थ्य तर्फ एम.वि.वि.एस. अध्ययन गर्नको लागि प्रदान गर्ने छात्रवृत्ती समिक्षात्मक गरि निरन्तरता दिइने छ । त्यसैगरी इन्जिनियर वनविज्ञान एवम कानुन संकाय तिर पनि छात्रवृत्ति दिने व्यवस्था गरिने छ ।
- शिक्षामा अभिभावकलाई सक्रिय बनाई सामुदायिक विद्यालयलाई गुणस्तर कायम गर्न सञ्चालन गरिएको शिक्षक अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालयको अनुगमन र मूल्यााङकन साथै विद्यार्थीको शिक्षण सिकाइ उपलब्धी राम्रो बनाउन कक्षा ५ र ८ को परिक्षालाई गाउँपालिका स्तरीय को रुपमा निरन्तरता दिइने छ।
- कक्षा ८ तथा १० को नतिजा सुधार गर्न गणित , विज्ञान र अंग्रेजी विषय जस्ता चुनौतीयुक्त विषय सम्बन्धमा विषयगत शिक्षक हरुलाई आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गरीने छ ।
- शिक्षामा भएको विभेदीकरण को अन्त्य गर्न हरसम्भव अभियान चलाइनेछ ।
- आगामी आ व मा कक्षा ४ र५ को स्थानिय पाठ्यक्रममा आधारीत भएर पाठ्यपुस्तक निर्माण गरी विद्यालयमा वितरण गरिनेछ।

## ३. खानेपानि तथा सरसफाई फोहरमैला व्यवस्थापन :

- " पानी मुहान को संरक्षण , सुरक्षित मानव जीवन को अवतरण " भन्ने नारा लाई आत्मसाथ गर्दै खानेपानीको मुहानहरुलाई संरक्षण र उचित व्यवस्थापन गरि दिर्घकालिनसम्म उपयोग गरिनेछ ।साथै हरेक मुहानको दर्ता गर्ने प्रक्रिया व्वस्थित गरी अघि बढाइने छ ।
- गाउँपालिकाको विगतमा गौरबको योजनाको रुपमा रहेको पूर्णसरसफाई कार्यक्रमलाई समित्क्षात्मक गरि यसको प्रभावकारी एवम प्रतिफलयुक्त कार्यान्वयनमा ध्यान दिइनेछ ।

- विगत देखि नै चर्चामा रहेको  चिन्तेपानी मुहान माइस्थान खेत खानेपानी तथा सरसफाइ खानेपानी आयोजना र राङसी स्कीम नं१ खानेपानी योजना लाई पुर्णता दिने  गरी अगाडी बढाउदै संरक्षण गरिनेछ ।
- विगतमा विभिन्न स्थानमा जडान गरीएको ठुलो खानेपानी योजनालाइ व्यवस्थित जिम्मेवारीयुक्त गराउन  अब मीटर रिडिगं प्रणालि अनुरुप अघि बदाइने छ ।
- बढ्दो पानीको संकट लाइ न्युनीकरण गर्न जमिनमुनि बाट दिप बोरीङ्ग मार्फत पानी निकाली समुदायमा खानेपानी वितरण गरिनेछ।
- परिवर्तन गाउँपालिका भित्रका मुख्य बजारहरु जस्तै वागमारा,पुत्लाचौर,  दुइखोलि ,पोखरा बजार ,खरिबोट हरुमा फोहोरमैला व्यवस्थापन गर्न लागि गाउपालिका ले वडा कार्यालय, वजार व्यवस्थापक एवम उपभोक्ता हरु संग समन्वय सहकार्य गरि हातमालो गरिनेछ।
- सार्वजनिक स्थल पाटी पौवा लगायतका क्षेत्रहरुमा विभिन्न समय सन्दर्भमा सरसफाई कार्यक्रम अगाडि ल्याइनेछ ।
- गाउपालिका भित्र बढदो सहरीकरणलाइ मध्यनजर गरी बागमारा दुइखोलि तथा पुतलाचौर क्षेत्र वरपर फोहोरमैला व्यवस्थापन गर्न सम्भावित ल्यान्ड फिल्ड साइट को अध्ययन गरिने छ।
- गाउपालिका भित्रका विभिन्न वजारको आसपास मा देखिने मदिराजन्य सिसाको बोटल हरु दिनदिनै चुनौति बन्दै गएको ले सो को व्यवस्थापन गर्न आवश्यक पहलकदमी लिनेछ।
- खाने पानी शुद्धता को लागि विभिन्न निकाय सँग समन्वय गरि खाने पानी जाँच गरी शुद्धिकरण गरिने छ ।
- पुराना कपडा हरु को कपडा बैंक सञ्चालन गरि पुन: प्रशोधन मार्फत नयाँ कपडा बनाइ गरिव निमुखा लाइ वितरण गर्ने अवधारणा लिइने छ।

## ४. कला तथा संस्कृति :

- विभिन्न खालको धर्म, भाषा, कला, सँस्कृति, भेषभुषा ,रहनसहन साहित्य हरुको संरक्षण र सम्वर्द्धनार्थ विभिन्न जनचेतनामुलुक कार्यक्रमहरु गरिनेछ ।
- गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातिय भेषभुषा कला साहित्य संगित लगाएतको झाँकी सहित प्रदर्शन गर्ने निति लिइनेछ।

- समुदायमा रहेको विभिन्न धर्म जातजातिको रिति रिवाज अनुसारको परम्परागत मेला, कुल पुजा , धार्मिक स्थल लगाएतका साँस्कृतिको अवयवहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ ।
- स्थानिय कलाकार को प्रतिभालाई सम्मान स्वरुप विभिन्न महोत्सव कार्यक्रममा स्थान दिदै गाउपालिका ले पनि सम्मान कार्यक्रम गर्नेछ ।
- यस गाँउपालिका भित्र नाचिने भुमेनाच, पैसरी नाच, बैजरु नाच, मयुर नाच र साईलाबरै जस्ता लोकभाका लाई गाउपालिका को पुँजि तथा सम्पति को रुपमा संरक्षण गरी भिडियो डकुमेन्ट्री को रुपमा निर्माण गरी प्रचारप्रसार गरिनेछ ।

## ५. सामाजिक सुरक्षा, लैगिंक समानता, महिला सशक्तिकरण दलित अपागं एवम जेष्ठ नागरिक तथा सामाजिक समावेशिकरण:

- सेवाप्रवाहलाई चुस्त र दुरुस्त गर्न सामाजिक सुरक्षा भत्ता लाई बैकिङप्रणालि इ एफ टी लाइ निरन्तरता दिइने छ भने सामजिक सुरक्षा लाइ तथ्यपरक वैज्ञानिक बनाउन औठाछाप तथा आखाँ को आइरिस स्क्यानर द्धारा गरिने छ।
- महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ घोषणा पत्रका १२वटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ साथै दिगो विकास लक्ष्यहरुलाई आत्मसाथ गरि स्थानीयकरण गर्दै गाउँपालिकाका योजनाहरुलाई लैगिंक समानता तथा सामाजिक समावेशिकरणको मर्म अनुरुप कार्यान्वयन गरिने छ ।
- संयुक्तराष्ट्रसंघिय बाल अधिकार महासन्धि १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्ने सम्बन्धमा कार्यक्रम तय गरी बजेट विनियोजन गरिने छ ।
- महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदबाट पारित बुदाँ नं १३२५ र १८२० को कार्यान्वयन को लागि स्थानिय सरकार ले कार्यक्रम तय गरि सो उपर बजेट विनियोजन गर्नेछ।
- जेष्ठ नागरिक, अशक्त ,असहाय ,अपाङ्गता भएका व्यक्ति एकल महिला, दलित, आदिवासी जनजाती लोपोन्मुख र सीमान्तकृत समुदाय लक्षित समुदाययुक्त कार्यक्रममार्फत सम्मान तथा संरक्षणमा ध्यान दिइनेछ ।

- बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको दृष्टिले निर्दिष्ट बजेटमा निश्चित प्रतिशत हुने गरी लैगिंक बजेट तर्जुमा गर्ने पद्धतिलाई अंगिकार गरीनेछ ।
- घरेलु हिंसा र लैङ्गिक हिंसाका पिडित महिला तथा बालवालिकाहरुलाई पुनर्स्थापना गर्न सुरक्षित र मर्यादित आश्रयस्थल सेफ हाउस स्थापना गर्न प्रयत्न गरिनेछ ।
- बालविवाहलाई निर्मुल गर्न किशोरीसञ्जाल मार्फत पनि सचेतनामूलक कार्यक्रम गरिने छ
- छोरीहरुलाई माध्यमिक तहसम्म निशुल्क तथा अनिवार्य शिक्षाको ग्यारेन्टि गर्न आवश्यक नितिगत र कार्यक्रम सहित प्रबन्ध गरिनेछ ।
- गाउँपालिकाको सामाजिक आर्थिक विकासका लागि वडा तथा पालिकास्तरीय महिला सञ्जालहरुलाइ प्रभावकारी रुपमा परिचालन गरीनेछ ।
- गाँउपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनालाई अपाङ्गमैत्री, बालमैत्रि र लैङ्गिकमैत्रि बनाइने निति कार्वान्वयन गरिनेछ ।
- लैङ्गिक हिंसा निवारण कोषमा निश्चत रकम जम्मा गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानुनि परामर्श ,उपचार खर्च तथा जिविकोपार्जनका लागि अनुदान कोषबाट उपलब्ध गराइने छ ।
- लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरिति ,अन्धविश्वास हटाउन टोल विकास संस्था, आमा समूह ,युवा क्लब, बालसमुह लगायत सामुदायिक स्तरका संस्थाहरु लाई स्वयंसेवि रुपमा परिचालन गरिने छ।
- गाँउपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI AUDIT)लाई निरन्तरता दिईनेछ ।
- महिलाहरुको आर्थिक तथा सामाजिक हैसियत बढाउने खालका सीप तथा क्षमता विकास र रोजगारमुलक कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका उपभोक्ता समिती बाट कार्यावन्यन हुने कार्यक्रम तथा योजना हरुमा महिला श्रमिक बाट सेवा लिदा समान काम समान ज्याला भन्ने निति लाई अङ्गिकार गरिने छ ।

- अपाङ्गता सम्बन्धी सचेतना बढाउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामग्रि वितरण र सीपमुलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- सरकारले सेवा करार लिदा महिला, आदिवासि जनजाति, दलित ,सहिद वेपत्ता घाइते र द्धन्द्ध पिडित परिवारलाई विशेष आरक्षण सहितको प्राथमिकता प्रदान गरिने निति अङ्गिकार गरिनेछ ।
- एतिहासिक कालदेखि दलित (शिल्प) समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई गाउँपालिका ले आफ्नो कला पुँजी को रुपमा स्विकार गरि व्यावसायिक उद्यमको हिसावले विकास गर्न पुँजि लगानि गर्नेछ ।
- नेपाल सरकाले प्रदान गर्दै आएको वालपोषण भत्तालाई पोषणमा सुधार ल्याउने गरी प्रभावकारी रुपमा अनुगमन गर्दै वालवालिकाको पोषणमा सुधार ल्याउने व्यवस्था गरिनेछ।

# ३. पूर्वाधार क्षेत्र :

## १ सडक भवन पुल तथा सहरिकरण :

- विकासको मेरुदण्ड को रुपमा रहेको सडक सञ्जाल लाइ स्तरोन्नति गरी आर्थिक गतिविधि हरु लाइ चलायमान गर्दै ग्रामिण भेगमा उत्पादित बस्तुलाई यथासमयमा बजारसम्म पुर्याउन पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- पुर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लाभ लागत विश्लेषणका आधारमा उच्च नतिजा एंव प्रतिफल दिने र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन पुर्वाधारको गतिविधी बढाइनेछ।
- गाउँपालिकामा निर्माण भएका पक्की घरहरुको अभिलेख राखी नयाँ घर निर्माण गर्दा भुकम्पप्रतिरोधात्मक युक्त घर निर्माण गर्न अनुमति लिनुपर्ने व्यवस्थालाइ प्रोत्साहन गरिनेछ।
- सडक पुर्वाधारको लागि दिर्घकालिन लगानि मार्गदर्शनका को रुपमा रहेको गाउँपालिका सडक गुरुयोजनालाई कार्यान्वयनमा ल्याइने छ।
- रोजगारी सिर्जना हुने र मेसिनरी औजार प्रयोग नहुने योजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठुला तथा मेसिनरी औजार प्रयोग हुने सडक, भवन तथा सो अनुसार को आयोजना विद्युतीय वोलपत्र (e-bid )मार्फत कार्यान्वयनमा लगिनेछ ।

- परिवर्तन गाउँपालिका भित्र वडा देखि गाउँपालिका केन्द्र सम्म कम्तिमा बाह्रै महिना चल्न सक्ने सडक निर्माण तर्फ ध्यान दिइनेछ।
- संघिय सरकार को मातहत मार्फत परिचालित स्थानिय पुर्वाधार सहयोग कार्यक्रम लिस्प LISP संग सहलगानी गरि ठुलो खालको परियोजनाहरु सम्पन्न गरिनेछ।
- निर्मित गुरुयोजनाका आधारमा संघिय सरकारको अनुदान मा विभिन्न विद्यालयको भौतिक संरचना हरु निर्माण गरिनेछ।
- जनयुद्धको क्रममा देशमा गणतन्त्र ल्याउन आफ्नो ज्यानको आहुति दिइ सहादत प्राप्त गर्ने वीर सहिदहरुको नाममा सर्वमान्य शहिद स्मारक पार्क निर्माण गरिने छ।
- गाउँपालिकाको सीमा क्षेत्र एकिन गरि सिमानामा कलात्मक तथा मौलिकता झल्किने गरि स्वागतद्धार तथा साइन बोर्ड हरुको निर्माण गर्न पहल गरिनेछ।
- गाँउपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइसकेको हुनाले सो मा आधारित मध्यकालिन खर्च संरचना, बजेत तथा कार्यक्रम हरु निर्माण गरीने छ ।
- दिर्घकालिन गौरवका तथा ठूला योजनाहरु पहिचान गरि, त्यस्ता योजनाहरुका डिपिआर तथा प्रारम्भिक वातावरणिय मुल्याङकन तयार गरि बहु-वर्षिय ठेक्काद्धारा कार्यान्वयन गरिनेछ।
- परिवर्तन गाउँपालिका भित्र पर्ने संघीय सरकार र प्रदेश सरकारको वजेट बाट सञ्चानमा आएको क्रमश : शहिद मार्ग दुईखोली- खरिवोट खण्ड र दुईखोली- चुनवाङ खण्डको कालोपत्रे सहित सडक निमार्ण कार्य साथै संघिय सरकारबाट बागमारा बजारमा यही आ व मा पुलको लागि विनियोजित बजेत लाइ समय मा सम्पन्न गर्न सम्बन्धित निकाय सँग पहल गरीने छ ।

## २. उर्जा संचार तथा सुचना प्रविधि:

- बढदो उर्जासंकट लाई कम गरी दीगो विकास साथै वातावरणीय सन्तुलन कायम हुने खालको नविकरणिय उर्जा प्रविधि जडान लाई उच्च प्राथमिकता दिइनेछ।
- आम गाँउपालिकाबासीलाइ गाउपालीका ले गरेका गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले रेडियो कार्यक्रम परिवर्तन संवाहकलाई निरन्तरता दिइनेछ भने रेडियो, पत्रिका र अनलाईन सञ्चार माध्यमसँगको सहकार्यलाई निरन्तररुपमा अघि बढाइनेछ।

- सुचना प्रविधिमैत्रि गाँउपालिका को रुपमा चित्रित गर्ने उद्देश्यले वडा कार्यालयहरुमा डिजितल डिस्पले वोर्ड तथा माध्यमिक तहको स्कुलहरुमा क्षमताको आधारमा सिसिटिभिको जडान गरी सुचारु गरिनेछ ।
- राज्यको चौथो अङ्गको रुपमा रहेका पत्रकारहरुलाई गाउपालिका भित्र को काम कारबाही लाई देशविदेशसम्म समचार सम्प्रेषण गरिएको आधारमा मुल्याङकन गरी सम्मान तथा पुरस्कृत गरिने छ।
- सार्वजनिक  जनगुनासो लाई सुनेर यथासमयमा समाधानको उपायहरु सुझाउनको लागि टोल फ्री नम्बर लाइ   निरन्तरता दिइने छ ।
- गाउँपालिका को पहिचान तथा चिनारी  को रुपमा रहने Digital Village Profile आधुनिक तवरले उपयोग गरीने छ ।
- गाउँपालिका भित्र सरकारी भौतिक संरचना हरुमा सोलार जडान लाई प्राथमिकता प्रदान गरीनेछ।
- गाउँपालिकाका हरेक सूचना तथा समाचार , बजेट तथा कार्यक्रमहरु, विभिन्न प्रतिवेदन, कानुन तथा निर्देशिका जस्ता विवरण हरु गाउँपालिकाको आधिकारिक वेवसाइटमार्फत नियमित रुपमा सार्वजनिक गरीनेछ ।
- बढ्दो सुचना प्रविधीमैत्रि जमानामा हाम्रो पालिकामा पनि डिजिटल हेल्प डेस्क को सेवा प्रवाहमा निरन्तरता दिइनेछ।
- केन्द्रिय विद्युत लाइ पालिका तह मा पनि सेवा प्रवाह गर्न सम्बन्धित निकाय सँग समन्वय गरिने छ।
- सेवा प्रवाह गर्दा क्यासलेस, फेसलेस अवधारणा अनुसार अघि बढि अन्तमा डिजितिल गाउँपालिका रुपमा परिचित हुने सोच लिइएको छ ।

# ४. सुशासन तथा राजस्व प्रशासन सम्बन्धित क्षेत्र

१. राजस्व प्रशासन :

- गाउँपालिकाको आन्तरिक आयलाई बढाउनको लागी सबै वडा मा करदाता शिक्षा कार्यक्रम लाइ प्रभावकारी ढङ्ग बाट सञ्चालन गरिनेछ।
- गाउँपालिकाले विगतमा निर्माण गरेको राजश्व सुधार योजना को आधारमा गाउँपालिका भित्रका सम्भावित करका क्षेत्रहरुलाइ पहिचान गरी कर असुलउपर गरिनेछ।
- गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न लाई करका दर समयअनुकुलन गर्दै करको दायरा विस्तार गर्दै लगिने छ ।
- "खर्चमा पारदर्शिता शुन्य बेरुजु हाम्रो प्रतिबद्धता" भन्ने मन्त्रलाई आत्मसाथ गर्दै आन्तरिक नियन्त्रण प्रणाली मार्फत कम बेरुजुको अवस्था लाई अझै शुन्यउन्मुख बनाउन प्रयास गरिने छ ।

- विभिन्न कारण बाट व्यवसाय दर्ता तथा नविकरण नगरी नियमित हुन छुट भएका करदातालाई कर दायरा मा ल्याउन कर सहभागिता कार्यक्रम संचालन गरीनेछ ।
- स्थानिय तहलाई तिर्नुपर्ने घरबहाल कर बुझाएपछि मात्रै आय कर लिनको लागि राजस्व कार्यालयसँग समन्वय गरिनेछ।
- नेपाल प्रहरी संग समन्वय र नगर प्रहरी परिचालन गरि कृषिजन्य उत्पादित सामाग्रीहरु मा निकासी सिफारीस पत्र प्रदान गरी राजस्व वृद्धि गरिनेछ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई बेला बेला मा गरिने बजार अनुगमन मार्फत कडाइ का साथ कार्यान्वयन गरिनेछ त्यससँगै विभिन्न खालको घमुन्ते तथा पोके व्यवसायहरुलाई निरुत्साहित गरिने छ ।

## २ कर्मचारी प्रशासन जनशक्ति विकास सुशासन र सार्वजनिक सेवा प्रवाह:

- परिवर्तन गाँउपालिका भित्र यस कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा अर्धवार्षिक रुपमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रम एवम नागरीक सन्तुष्टि फारम को प्रयोग लाई निरन्तरता दिइनेछ ।
- राष्ट्रसेवक कर्मचारी लाइ उत्प्रेरित बनाइ कार्यसम्पादनको स्तरमा वृद्धि ल्याउन क्षमता विकासका कार्यक्रम एवम तालिम हरु सञ्चालन गरिनेछ ।
- सरकारी तथा सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार संस्कृतिको अवलम्बन गर्दै भ्रष्टाचार विरुद्धको अभियानमा शुन्य सहनशीलता कायम गरिनेछ ।
- प्रदेश निजामती सेवा ऐन तथा नियामावली भर्खरै पारित भएको ले सो नियमावलीमा उल्लेखित पदनाम अनुसार गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन लाइ संशोधन गरि रिक्त रहेका पदहरुमा प्रदेशलोकसेवा आयोगमा माग गरी दक्ष तथा उर्जावान स्थायी कर्मचारीहरु पदपुर्ती गरिनेछ।
- कार्य सम्पादनलाई छिटोछरितो, गुणस्तरिय र प्रभावकारी बनाउन प्रत्येक शाखा तथा कर्मचारीलाई कार्य विवरण बनाई लागु गर्ने तथा कार्य सम्पादन सम्झौता गर्ने नितिको अवलम्बन गरिनेछ।
- सेवा प्रवाह, विकास निर्माण, निति निर्माण तथा नविनतम कार्य लगायतका विषयहरुमा असल अभ्यासहरु आदानप्रदान गर्दै सहकार्य गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुबाट प्रतिनिधिमुलकढगंले अन्य स्थानिय तहको अवलोकन भ्रमणको व्यवस्था पनि गरिने छ ।

- कार्यालयको सेवा प्रवाहलाई जनमैत्री तथा सरल बनाउन कार्यालय परिसरमा हेल्प डेस्कको स्थापना गरी सेवाग्राही लाई आवश्यक सहजिकरण गरिनेछ ।
- आवधिक योजना किताबमा उल्लेखित योजना बैंकको अवधारणा अनुरुप बस्तिस्तरबाट संकलित ७ चरण पार गरेको योजनाहरुलाई समाबेश गरि प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।
- लेखापरिक्षण गराउने पेश्की र बेरुजुको लगत राख्ने सम्परिक्षण गराउने एवं फर्छ्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धि कार्यलाई विशेष प्राथमिकता दिइने छ ।
- भुक्तानी को प्रकिया लाइ पारदर्शी भरपर्दो कायम गरी रोल्पा जिल्ला भरीमा सबैभन्दा कम बेरुजु रुपमा दोस्रो स्थान लेखाउन सफल स्थानिय तह को पहिचान लाइ अझै बेरुजु शुन्यमा झार्ने प्रयास गरिनेछ ।
- गाँउपालिकाको गतिविधिलाइ पारदर्शी बनाउन वेवसाइट अद्यावधिक गरि सुचनाको हक सम्बन्धी व्यवस्थालाई पुर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- गाँउपालिकाभित्र कार्यगत गतिविधिमा एकरुपता ल्याउन को लागि कार्यातालिका सहितको क्यालेन्डर प्रकाशन गरिनेछ ।
- गाउँपालिकाद्धारा प्रवाह हुने सेवा को बारेमा पृष्ठपोषण प्राप्त गर्न नागरिक सन्तुष्टि फारम भरेर पनि जानकारी हासिल गरि सेवा लाई अझै परिष्कृत गरि लगिनेछ ।
- विभिन्न योजनाहरुको कागजपत्र प्रक्रिया बमोजिम सिलसिलेबार रुपमा मिलाउन कार्यालयमा नै विस्तृत खाका (योजना किताब) बनाई उपभोक्ता समितिलाई कागजातहरु व्यवस्थापनमा सहजीकरण गरिने छ भने पालिकाको बेरुजु घटाउन उन्मुख तिर लगिनेछ।
- लेखापरिक्षण गर्दा खर्च भएर नजाने जिन्सी सामानहरु जिन्सी शाखाबाट मात्र खरिद गरी विभिन्न शाखा/वडा कार्यालय एवम विद्यालय हरुलाई माग फाराम भर्न लगाई जिन्सी शाखाबाट नै वितरण गर्न/गराउने व्यवस्था मिलाईने छ।
- इन्धनको प्रयोग गर्दा कर्मचारी को ओहोदा तथा पद एवम कार्यबोझ तथा आन्तरिक नियन्त्रयण प्रणाली अनुरुप मितव्यायी हिसाब र किफायित ढङ्ग ले गरिनेछ।
- गाउँपालिका ले आफ्नो चिनारी को रुपमा छुट्टै गाउँपालिका को लोगो निर्माण गरी प्रयोगमा ल्याउनेछ।

## ६ वन, वातावरण तथा विपद् व्यवस्थापन :

- जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरुलाई अनुकुलन गर्न गाउँपालिकाले सोही बमोजिम को कार्यक्रम तय गर्नेछ।
- विपद जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी विपद न्युनिकरण प्रतिकार्य र पुनस्थापना को कार्यलाई व्यवस्थित गरिनेछ।
- वन क्षेत्रलाई समृद्धिको आधारको रुपमा विकास गरी बनबाट आम्दानी, रोजगार सिर्जना र जीवनस्तर उकास्न जडिबुटी र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरिनेछ।

- सफा, सुन्दर र हरियाली गा.पा. निर्माणका लागि खोला खोल्सामा वृक्षारोपन, बाँस रोपन, रुख तथा बाँसद्धारा तटबन्धन, खाली ठाउँमा वृक्षारोपन कार्य अभियानकै रुपमा बढाइनेछ।
- यस गाउँपालिका भित्र रहेका विभिन्न खालको खानि उत्खनन् गरी राजस्व वृद्धि गर्नको लागि नेपाल खानी विभागसंग समन्वय गरिनेछ।
- परीवर्तन गाउँपालिका भित्रका खोलानाला का गिट्टि वालुवा जन्य पदार्थहरु उपयोग गर्न सर्वप्रथम प्रारम्भिक वातावरणिय प्रभाव मुल्यांकन गरि मात्र अघि बढाइनेछ।
- गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने तर्फ अगाडी बढाइनेछ।
- परिवर्तन गाउँपालिका भित्र को जडिबुटीलाई व्यवसायिक खेतिको रुपमा विकास प्रवर्द्धन गरिनेछ ।
- नदी तथा खोलामा विषादी विद्युतिय उपकरण प्रयोग गरी माछा लगाएत अन्य जलचरहरुको अस्थित्वनै संकटमा पर्न सक्ने देखिएकोले उक्त कार्य लाइ स्थानीय प्रहरी प्रशासन संग समन्वय एवम नगर प्रहरी मार्फत कडाई गरिनेछ ।
- गा.पा. भित्र हुने भूस्खलन, वाढी, पहिरो, आगलागी, भूकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट हुने मानविय तथा भौतिक क्षति कम गर्न तुरुन्त खोजी, उद्धार र राहत प्रदान कार्य गर्न गा.पा., नेपाल प्रहरी र नेपाल रेडक्रससंग समन्वय गरिनेछ।
- गाउँपालिकास्तरिय सामुदायिक वन उपभोक्ता समिती हरु संगको सहकार्यमा वन क्षेत्र लाइ सम्भावित डढेलोबाट जोगाउन जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विपद् जन्य प्राकृतिक प्रकोपसंग जुधन चाहिने सामान्य खालको औजारहरु व्यवस्थापन गर्न वजेट उपलब्ध गराइनेछ।
- विपदको प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि गाउँपालिकाको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।

धन्यवाद

सुक बहादुर वुढामगर
अध्यक्ष